जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
# राजविराज दैनिक
स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक १९१ २०७८ साल फागुन १७ गते मंगलबार (1 Mar. 2022 Tuesday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

जेष्ठ नागरिकको सम्मान गरौं, सभ्यताको परिचय दिऔं ।

- जेष्ठ नागरिकलाई दया होइन सम्मान गरौं,
- जेष्ठ नागरिकसँग भएको ज्ञान, सीप र क्षमताको उपयोग गरौं,
- घर तथा सार्वजनिक स्थलमा जेष्ठ नागरिकमैत्री बातावरण निर्माण गरौं ।

सभ्यताको परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : सूचना आयोगका सुझाव.. ३ पृष्ठमा : युक्रेनद्वारा रुसका विरुद्ध एक ...४ पृष्ठमा : जिल्ला स्तरीय बक्तृत्वकला ...

## फागुन २० गते हुने काँग्रेस सप्तरीको अधिवेशनका लागि उम्मेदवार अन्तिम चरणको प्रचारमा जुटे

**दैनिक समाचारदाता**
**राजबिराज, १६ फागुन ।**

नेपाली काँग्रेस सप्तरीको आगामी फागुन २० गते हुने अधिवेशनका लागि संस्थापन पक्षतर्फ सभापतिका उम्मेदवार शत्रुधन प्रसाद यादव र इतर पक्षका उम्मेदवार रामदेव साह अन्तिम चरणको प्रचारमा जुटेका छन् ।



सो अधिवेशनका लागि निर्वाचन समितीले सोमबार निर्वाचन कार्यतालिका समेत सार्वजनिक गरेको छ । तालिका अनुसार फागुन १८ गते उम्मेदवारको मनोनयन पत्र दर्ता र फागुन २० गते शुक्रवार काँग्रेसको जिल्ला अधिवेशन गरिने तय भएको छ ।



शत्रुधन यादव



रामदेव साह

निर्वाचन समितीका प्रमुख डा.रुद्रनारायण शर्माले स्थानीय गजेन्द्रनारायण सिह औधोगिक क्षेत्रमा हुने निर्वाचनको सर्म्पुण तयारी पुरा भएको जानकारी दिदै अधिवेशनमा कुल २ हजार ५ सय ६८ मतदाता रहेको बताए ।

यता दुबै उम्मेदवार मत आफ्नो पक्षमा पार्न प्यानल बनाई प्रचार गरिरहेका छन् । शत्रुधन देउवा पक्ष र रामदेव डा.शेखर कोईराला पक्षबाट सभापतीका उम्मेदवार बनी चुनावी मैदानमा उत्रिएका हुन् ।

शत्रुधन यादवलाई वर्तमान सभापती समेत रहेका केन्द्रिय सदस्य दिनेश कुमार यादवको समर्थन छ भने रामदेवलाई संघिय साँसद तेजुलाल चौधरीको समर्थन प्राप्त छ । आफ्नो समर्थन रहेको उम्मेदवारलाई प्यानलसहित जिताउन देउवा पक्षीय केन्द्रिय सदस्य यादव र इतर पक्षका संघिय साँसद चौधरी भोट माग्दै निकै दौडधुप गरिरहेको देखिन्छ ।

सभापती पदका उम्मेदवार शत्रुधन र रामदेव पनि टिम बनाई घरदैलो,कोठे बैठक र ब्यक्तीगत रुपमा भोट माग्ने कार्यलार्य तिब्र बनाएको छ । रामदेव अघिल्लो निर्वाचनमा वर्तमान सभापती दिनेश कुमार यादवसंग १ सय ४ मतले पराजित भएका थिए । शत्रुघन भने सचिव पदमा निर्वाचित भएका थिए ।

सर्वसम्मत नेतृत्वका लागी भन्दै केन्द्रिय सदस्य समेत रहेका वर्तमान जिल्ला सभापती दिनेश कुमार यादवको संयोजकत्वमा डा.सुबोध पोखरेल र भागवत यादव सदस्य रहने गरी एक कार्यदल समेत गठन गरिएको छ । अहिले सम्म सफलता नमिलेको र निर्वाचनबाटै नेतृत्वको टुंगो लगाउने अवस्था रहेको कार्यदलका सदस्य डा.सुबोध पोखरेलले बताए । यद्यपी अन्तिम क्षण सम्म प्रयास जारी राख्ने उनको भनाई छ ।

## आज महाशिवरात्री

**दैनिक समाचारदाता**
**राजविराज, १६ फागुन ।**

आज महाशिवरात्री पर्व मनाइदै छ । यस पर्वका लागि शिवालयहरु रंगरोगन तथा झकिझकाउ पारिएको छ ।

महाशिवरात्री पर्वका लागि राजविराजस्थित हरिनन्देश्वर महादेव मन्दिर, छिन्नमस्ता गाउँपालिकास्थित लालेश्वरनाथ महादेव मन्दिर, शम्भुनाथ नगरपालिकास्थित शम्भुनाथ मन्दिर, महदेवा गाउँपालिकास्थित अंकुरी महादेव मन्दिर लगायतका शिवालयहरु रंगरोगन र सजाइएको छ ।

महाशिवरात्रीमा सर्वाधिक श्रद्धालुको भिड लाग्ने राजविराजस्थित हरिनन्देश्वर महादेव मन्दिरलाई आकर्षक र सौन्दर्यकरण कार्यमा व्यवस्थापन समितिले लाखौं रकम खर्चेको छ । मुल पुजारी महेश्वर भारतीका अनुसार मन्दिर प्रवेशद्वारदेखी मन्दिरसम्म टायल्स बिछ्याइएको छ भने रंगरोगन, श्रद्धालु बस्ने बिश्राम स्थल निर्माण तथा सजावट गरिएको छ ।

## स्थानीय तह निर्वाचनमा करिब दुई करोड मतपत्र छाप्ने तयारी

काठमाडौं, १६ फागुन (रासस) ।

निर्वाचन आयोगले आगामी स्थानीय तह निर्वाचनका लागि करिब दुई करोड मतपत्र छपाउने तयारी गरेको छ ।

मतपत्रका लागि आवश्यक कागज खरिद गर्न आपूर्तिकर्ता कम्पनीसँग आइतबार नै सम्झौता भइसकेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिनुभयो ।

आयोगद्वारा सोमबार आयोजित नियमित पत्रकार भेटमा उक्त कम्पनीसँग रु ११ करोडमा कागज खरिदका लागि सम्झौता भएकामा महिना अवधिभित्र उपलब्ध सर्त रहेको जानकारी दिइयो ।

स्थानीय तहसँग त्यहाँ सक्रिय रहेको राजनीति दलको विवरणका आधारमा उम्मेदवार संख्या आँकलन गरी कति प्रकारका मतपत्र छपाउने भन्ने विषय टुङ्गोमा पुग्न भने बाँकी नै छ । निर्वाचन आयोगमा दर्ता रहेका १११ राजनीतिक दलमध्ये स्थानीय तह निर्वाचनमा भाग लिने प्रयोजनका लागि ८० राजनीतिक दलले दल दर्ताका लागि निवेदन दिएका छन् ।

आगामी वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागि यही फागुन ५ गतेदेखि १५ गतेसम्म ११ दिनको समयावधि दिएर दल दर्ताका लागि निवेदन

*बाँकी अन्तिम पृष्ठमा*




अनुरोधकर्ता : राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी




अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय

# कारागार समस्याप्रति उदासिन निकाय

वर्षौंदेखी राजविराज कारागार विभिन्न समस्याले ग्रसित रहेको छ । तर, यसप्रति सम्बन्धीत निकायको ध्यान पुग्न सकेको छैन् । जग्गा अतिक्रमण, फोहोरको डंगुर, जिर्ण भवन र क्षमता भन्दा बढी कैदीबन्दीका कारण राजविराज कारागार ठुलो समस्या रहेको छ ।

यता कारागारलाई व्यवस्थित रुपमा सञ्चालन गर्न जनशक्ति समेतको अभाव भइरहन्छ । कारागारको जिर्ण भवनका कारण कुनै पनि बेला दुर्घटना हुने सम्भावना पनि उत्तिकै छ । नेपालकै पुरानो मध्ये एक यस कारागारप्रति निकायको ध्यान पुग्न नसक्नु बिडम्बना रहेको छ । कारागारमा कोठाको अभावमा कैदीबन्दीहरु कोचाकोच अवस्थामा रहने गरेका छन् । १ सय २५ क्षमताको कार्यालय भवनमा ३ सय भन्दा बढी कैदीबन्दी हाल रहेका छन् ।

तसर्थ सम्बन्धित निकायले अबिलम्ब कारागारको विभिन्न समस्याप्रति गम्भिर हुनु आवश्यक छ भने अविलम्ब जिर्ण कारागार भवनको मरमत सम्भारका पहल जरुरी छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह

Dr. Saroj Kumar Sah

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव

Dr. Jayanti Yadav

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC No. : 15312

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# सूचना आयोगका सुझाव कार्यान्वयन हुने आशा

**आदित्य दाहाल**

काठमाडौं, १६ फागुन (रासस) ।

खुला र पारदर्शी शासन प्रणालीका लागि सार्वजनिक निकायका सूचनामा नागरिकको पहुँच सहज बनाउन राष्ट्रिय सूचना आयोग स्थापना भए पनि यसले सरकारलाई बुझाएका १२ वार्षिक प्रतिवेदनको खास कार्यान्वयन भएको देखिँदैन । आयोगले कार्यान्वयनका लागि दवाव दिन पनि सकेको छैन ।

आयोगले आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन अघिल्लो महिना प्रधानमन्त्री शेरबहादुर देउवासमक्ष बुझाएको छ । आयोगको प्रतिवेदन बुझ्दै प्रधानमन्त्री देउवाले आयोगका सुझाव कार्यान्वयन गर्न सरकार सकारात्मक रहेको र संसद्मा छलफलका लागि पठाइने आश्वासन दिनुभयो । आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङ भन्नुहुन्छ, "विगतको सुझाव जस्तै हामीले दिएको यस वर्षको सुझावमा सरकार गम्भीर भएर कार्यान्वयनका लागि लाग्छ भन्ने आयोगको विश्वास छ । सुझाव कार्यान्वयन हुँदा सूचनाको हकको कार्यान्वयनको पक्ष थप मजबुत बन्छ । यसबारे देशका सबै नागरिक अझै धेरै सुसूचित हुने थिए र सो अधिकार प्रयोग गर्नेले गर्व गर्ने विषय बन्ने थियो ।"

**आयोगका सुझाव**

सार्वजनिक निकायमा सूचना अधिकारी तोक्ने र स्वतः प्रकाशन गर्ने कार्यलाई प्रभावकारी कार्यान्वयनका लागि उच्चतहबाट नै जिम्मेवारी लिने र समन्वय गर्ने व्यवस्था गर्नुपर्ने आयोगको सुझाव छ । केन्द्रमा प्रधानमन्त्री वा प्रधानमन्त्रीले तोकेको वरिष्ठ उपप्रधानमन्त्रीका संयोजकत्वमा समन्वय समिति तथा प्रदेश र स्थानीय तहका सार्वजनिक निकायमा प्रदेशका मुख्यमन्त्रीका संयोजकत्वमा समन्वय समिति गठन गर्नु उपयुक्त हुने आयोगको आव २०७६/ ०७७ को सुझाव हालसम्म कार्यान्वयन भएको छैन ।

सूचना अधिकारीलाई सक्षम, सबल र अधिकारसम्पन्न बनाइराख्न प्रशिक्षणको व्यवस्थाका साथै उचित स्रोतसाधनको व्यवस्था गर्नुपर्ने आयोगको सुझाव छ । त्यसका लागि मोबाइल सेटका साथै इन्टरनेटको सुविधा दिन आयोगले सुझाएको छ । सूचना अधिकारी तोक्दा प्रमुखभन्दा एक तहमुनिका पदाधिकारी तोक्न आयोगले भनेको छ । साथै ५० भन्दा बढी कर्मचारी र रु २० करोडभन्दा बढी बजेट भएका निकायमा छुट्टै सूचना शाखा स्थापना आयोगले सुझाव दिँदै आएको छ ।

सिंहदरबारभित्र भएका मन्त्रालय र कार्यालयमा नागरिकले सहज प्रवेश पाउन नसक्दा सूचना मागकर्तालाई असहज भएकाले प्रवेशद्वारमा सूचनाको हकसम्बन्धी कक्ष राख्नुपर्ने आयोगको सुझाव छ । आयोगले सोही ढोकाबाट सूचना मागकर्ताको आवेदन दर्ता गर्ने व्यवस्था मिलाउन, दर्ता निवेदन सम्बन्धित निकायमा पुऱ्याउनका साथै सार्वजनिक निकायबाट प्राप्त सूचना मागकर्तालाई सहज उपलब्ध गराउने व्यवस्था मिलाउन सुझाव दिएको छ ।

ऐनको दफा २७ अनुसार सूचना वर्गीकरण कानुनसम्मत नहुँदा पटकपटक अदालतले वर्गीकरण प्रयासलाई रोक लगाएकाले कानुनानुसार वर्गीकरण गर्न आयोगले हरेक वर्ष सिफारिस गर्दै आएको छ । सूचनादाताको संरक्षणसम्बन्धी नियमावली ल्याउन आयोगले अर्को सुझाव दिए पनि तर्जुमा नहुँदा गोपनीयता खुल्ने डरले भ्रष्टाचारजन्य गतिविधिको खुलासा हुन सकिरहेको छैन ।

सार्वजनिक निकायले प्रकाशन तथा प्रसारण गर्ने सूचना अधिकतम नागरिकका पहुँचमा पुऱ्याउन स्थानीय भाषाको प्रयोग गर्न आयोगले सरकारलाई सुझाव दिएकामा केही स्थानीय तहले स्थानीय भाषामा सूचना प्रवाह गर्न थालेका छन् । आयोगबाट भएका आदेश र फैसला कार्यान्वयन नगर्ने र सूचना नदिए वापत सजाय पाएकाहरूलाई बढुवा नगर्ने तथा राजनीतिक नियुक्ति नगर्ने भनी आयोगले दिएको सुझाव कार्यान्वयन हुन सकेको छैन ।

आयोगले हरेक वर्ष सार्वजनिक गर्ने प्रतिवेदनमाथि व्यवस्थापिका संसद् र संसदीय समितिमा छलफल हुने गरेको छैन । आयोगले यसै वर्षदेखि प्रदेश सरकारमार्फत प्रदेशसभा र स्थानीय तहसम्म प्रतिवेदन उपलब्ध गराउने भएको छ जसले सूचनाको हकसम्बन्धी व्यवस्था र कानुनको पालना गराउन थप टेवा पुग्ने जनाइएको छ ।

सूचनाको हकानुसार गोप्य राख्नुपर्ने भनी तोकिएका बाहेकका विषयमा कुनै कुरा गोप्य हुने वा रहने गरी कानुन निर्माण तथा संशोधन नगर्न आयोगले सुझाव दिएको छ । आयोगले संसद्का विषयगत समिति, प्रदेशसभा विषयगत समिति र स्थानीय तहलाई उक्त सुझाव दिएको हो । सार्वजनिक निकायसँग माग भएका र प्राप्त गरेका सूचनाको अभिलेख राख्न, आयोगलाई अनिवार्य रूपमा उपलब्ध गराउन र स्वतः प्रकाशन गर्न सरकारको निर्देशन हुनुपर्ने सुझाव दिइएको छ । यस्तो अभिलेखबाट सूचनाको हकको प्रयोग र कार्यान्वयनको अवस्थाबारे जानकारी हुने हुँदा आगामी दिनमा रणनीतिक कार्यका लागि सहयोग पुग्ने आयोगले बताएको छ ।

सूचनाको हकसम्बन्धी कार्यक्रम सञ्चालनका लागि आयोगलाई पर्याप्त बजेट उपलब्ध गराउन आयोगले सुझाव दिएको छ । आयोगले बजेट प्रस्तावमार्फत लगिएका धेरै प्रभावकारी कार्यक्रम काटिने र उद्देश्यानुसार काम गर्न नपाएकाले एकमुष्ट बजेट र कानुनको परिधिभित्र रही स्वीकृत कार्यक्रममा खर्च गर्न पाउने व्यवस्था हुनुपर्ने सुझाव दिएको छ ।

सूचनाको हकसम्बन्धी आउने उजुरी र पुनरावेदनको प्रक्रियालाई सहज र प्रभावकारी बनाउन प्रत्येक प्रदेशमा सम्पर्क कार्यालय खोल्नका लागि सुझाव दिइएको छ । आयोगको आफ्नो छुट्टै भवन र जग्गा नभएकाले यसको कार्यालय स्थानान्तरण भइरहनुपर्ने समस्या छ । वर्षैपिच्छे भाडासमेत बढ्ने हुँदा यसको आर्थिक भार पनि रहेकाले छुट्टै भवन वा जग्गा उपलब्ध गराई भवन निर्माण गर्ने व्यवस्था गर्न सरकारलाई सुझाव दिइएको छ ।

आयोगमा आफ्नै कर्मचारी नहुने र सरकारबाट खटी आउने कर्मचारी निश्चित अवधिपछि सरुवा भएर जाँदा कामकारबाहीमा असहज स्थिति भएकाले राष्ट्रिय मानव अधिकार आयोग जस्तै यसले पनि आफ्नो कर्मचारी राख्न पाउने व्यवस्था गर्नुपर्ने सुझाव दिइएको छ ।

नेपालको संविधानको धारा २७ मा रहेको सूचनाको हकअन्तर्गत "तर कानुनबमोजिम गोप्य राख्नुपर्ने सूचना दिन बाध्य गरिने छैन" भन्ने वाक्यांश संशोधन गरी "तर सूचनाको हकसम्बन्धी कानुनमा प्रवाह नगरिने भनिएका सूचना दिन कसैलाई बाध्य गरिने छैन" बनाउन सुझाव दिइएको छ । त्यस्तै सूचना आयोगलाई पनि संवैधानिक आयोग बनाउनुपर्ने सुझाव दिइएको छ ।

सूचनाको हकसम्बन्धी ऐनमा सार्वजनिक निकाय भनेको स्पष्ट भए पनि गैरसरकारी संस्था र निजी क्षेत्रका सन्दर्भमा स्पष्ट हुने गरी परिभाषित गर्न आयोगले सुझाएको छ । त्यस्तै तीन-तीन महिनामा स्वतः प्रकाशन गर्नुपर्ने विवरण सार्वजनिक हुन सकेको छैन । सार्वजनिक नगरेमा दण्ड हुने वा बजेट रोक्का गरिने वा अन्य विभागीय सजाय हुने गरी प्रस्ट व्यवस्था गर्न आयोगको सुझाव छ । सूचना उपलब्ध गराउने कार्यविधि छोटो बनाई सूचनाको सामान्य, मध्यम र जटिल वर्गीकरण गरी १० देखि १५ दिनभित्र उपलब्ध गराउने कार्यविधि बनाउनुपर्ने आयोगको सुझावमा उल्लेख छ । आयोगका पदाधिकारीको निरन्तरताका लागि प्रत्येक साढे दुई वर्षमा एक आयुक्त नियुक्त गर्ने व्यवस्था मिलाउन आयोगले सरकारलाई सुझाव दिएको छ । त्यस्तै मन्त्रालयबाट हुने निर्णय र सूचना प्रवाहका लागि मन्त्रिपरिषद्लाई एउटा सार्वजनिक निकाय मानेर सूचना अधिकारी तोक्ने गरी कानुनको व्यवस्था मिलाउन आयोगले सरकारलाई सुझाव दिएको छ ।

विद्युतीय सञ्जालबाट सूचना माग्ने, पाउने र पुनरावेदन गर्ने कुरालाई वैधानिकता दिने गरी नियमावली थप गर्नुपर्ने आयोगको सुझावमा उल्लेख छ । त्रिवि वा अन्य कुनै विश्वविद्यालयमा सूचनाको हकसम्बन्धी छुट्टै विभाग स्थापना गर्नुपर्ने आयोगको सुझाव छ । सो विधाको अध्ययनले नेपालको लोकतन्त्र र स्थायित्वका लागि बल पुग्ने हुँदा सो विषयमा स्नातक र स्नातकोत्तर गरेकालाई छुट्टै सेवा समूह गठन गरी सूचना अधिकारी तोक्न सकिने आयोगको सुझावमा उल्लेख छ । त्यस्तै कक्षा ६, ७, ९ र ११ मा मात्र सो विषयको पाठ्यक्रम समावेश भएकाले कक्षा ८ र १२ मा पनि

*बाँकी तीन पृष्ठमा*


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

मोवाईल नं. ९८५२८२०९३५

## सूचना आयोगका ...

गर्नुपर्ने सुझाव दिइएको छ।

सूचनाको हक कार्यान्वयनलाई पनि कार्यासम्पादन मूल्याङ्कन र आधार बनाउन आयोगले सरकारलाई सुझाव दिएको छ। सार्वजनिक निकायमा कार्यरत पदाधिकारी तथा कर्मचारी जनताप्रति बढी जवाफदेही बनाउन सोलाई मूल्याङ्कनका आधार बनाउन आयोगको सुझाव छ।

सार्वजनिक निकायमा हुने वा भएको बेथिति, अनिमियमितता र भ्रष्टाचार नियन्त्रणमा तत्काल तदारुकता आवश्यक भएको आयोगले सुझाएको छ। ऐनको दफा २९ को व्यवस्थालाई थप स्पष्ट र प्रभावकारी बनाउन सूचनादाताको संरक्षणसम्बन्धी नियमावली पारित गरी कार्यान्वयनमा ल्याउन आयोगले सरकारलाई सुझाव दिएको हो। सरकारी कर्मचारीलाई पद तथा गोपनीयताको सट्टामा पारदर्शिताको सपथ गराउनुपर्ने आयोगको सुझाव छ।

सात सय ५३ वटै स्थानीय तहमा सूचना प्रवाहको प्रबन्ध गर्नका लागि उपप्रमुख वा उपाध्यक्षका संयोजकत्वमा स्थानीय सञ्चारकर्मी, सूचनाको हकका अभियानकर्मी र नागरिक समाजका प्रतिनिधिसमेत रहने गरी सूचना प्रवाहको जिम्मेवार सञ्जाल गठन गर्नुपर्ने आयोगको सुझावमा उल्लेख छ।

आयोगका तर्फबाट अदालती प्रक्रियामा महान्यायाधिवक्ताको कार्यालयले अनिवार्यरूपमा बहसपैरबी गर्नुपर्ने कानुनी व्यवस्था बनाउनुपर्ने आयोगको सुझाव छ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ सँग बाझिएका कानुनका प्रावधानलाई केही नेपाल ऐन संशोधन गरी परिमार्जन वा संशोधन वा खारेज गर्न आयोगले सुझाव दिएको छ। सबै सार्वजनिक निकायमा तथ्याङ्कलाई नागरिकले निर्बाध उपयोग र वितरण गर्न सक्ने गरी मेशिन रिडेबल फर्म्याटमा सार्वजनिक गर्न आयोगले सरकारलाई सुझाव दिएको छ।

आयोगका महत्वपूर्ण सुझाव कार्यान्वयन गर्नुपर्ने दायित्व सङ्घीय सरकार र अझ यसलाई अगाडि बढाउनुपर्ने दायित्व सूचना प्रविधि तथा सञ्चार मन्त्रालयको हो। यस विषयमा सूचना प्रविधि तथा सञ्चार मन्त्रालयका प्रवक्ता विनोदप्रकाश सिंह भन्नुहुन्छ, "आयोगबाट प्राप्त हुने सुझावहरू कुनै पनि कार्यान्वयन भएका छैनन् भन्ने कुरा साँचो होइन। आयोगले दिएका सबै सुझाव कार्यान्वयन हुन्छन् भन्ने पनि छैन। यसमा पनि नीति, नियम, ऐन, कानुन हेरेर कुनकुन सुझाव कार्यान्वयनका लागि कानुनअनुसार योग्य छन् र कुन छैनन् भन्ने हुन्छ। मन्त्रालयले सोही आधारमा आयोगको सुझाव कार्यान्वयन गर्ने हो।"

आयोगले यस वर्ष तेह्रौं प्रतिवेदनमार्फत पनि सरकारलाई थप सुझाव दिएको छ। सन् २०३० सम्म संयुक्त राष्ट्र सङ्घले निर्धारण गरेको दिगो विकास लक्ष्य हासिल गर्नका लागि नेपाल योजनाबद्ध रुपमा अगाडि बढिरहेकामा सो लक्ष्यको १६.१०.२ मा रहेको सूचनामा पहुँचसम्बन्धी सूचाङ्क प्राप्तिका लागि सन्तोषजनक अवस्था नरहेकाले यसप्रति सरकारको ध्यान जानुपर्ने आयोगको सुझाव छ।

नेपालमा पारदर्शी, सहभागितामूलक, समावेशी र जवाफदेही शासन प्रवर्द्धनका लागि खुला सरकारसम्बन्धी अभियान शुरु भएको छ। आयोगले विगतमा सरोकार पक्षसँग व्यापक छलफलपछि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा खुला सरकारसम्बन्धी बुझाएको कार्ययोजना यथावत् छ। सरकारले उक्त कार्ययोजनालाई आधार मानेर थप काम गर्न आवश्यक ठानेमा आयोग तत्पर रहेको सुझावमा भनिएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको नेतृत्वमा केन्द्रीय अनुगमन एकाइ, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिवका नेतृत्वमा कार्यान्वयन अनुगमन एकाइ, प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिवका नेतृत्वमा प्रदेश अनुगमन एकाइ र जिल्लामा प्रमुख जिल्ला अधिकारीका नेतृत्वमा जिल्ला अनुगमन एकाइ रहने व्यवस्था गरिएको छ। ती समिति वा एकाइले नियमित रुपमा सूचनाको हकको कार्यान्वयनको अनुगमन, सहजीकरण तथा समन्वय गरी, गराई आयोगमा समेत त्रैमासिक प्रतिवेदन पेश गर्ने व्यवस्था भए पनि हालसम्म कुनै पेश भएको छैन। कानुनबमेजिम सिर्जना भएका यस्ता समितिलाई सक्रिय बनाई सूचनाको हक कार्यान्वयनलाई सशक्त बनाउन आयोगले सरकारलाई सुझाव दिएको छ।

पारदर्शिता तथा सुशासनका लागि कुनै पनि निकायले रु २५ हजारभन्दा बढीको भुक्तानी हुनासाथ सोसम्बन्धी विवरण वेबसाइटमार्फत सार्वजनिक गर्नुपर्ने व्यवस्था भए पनि यस्तो व्यवस्था कार्यान्वयनमा शिथिलता छ। खर्च स्वतः सार्वजनिक गर्ने व्यवस्थाबाट पारदर्शिता र जवाफदेहिता कायम गरी सुशासन कायम गर्न सघाउ पुग्ने हुँदा यस्तो व्यवस्था कार्यान्वयन गराउन आयोगले सुझाव दिएको छ।

यी सुझाव कार्यान्वयनका लागि यस वर्ष पनि सूचना आयोगले सरकारलाई सुझाएको छ। विगतका कार्यान्वयन हुन बाँकी सुझाव र हालका मुख्य सुझावलाई गम्भीरताका साथ लिन आयोगले सरकारलाई आग्रह गरेको छ।

नेपाल पत्रकार महासङ्घका पूर्वसभापति धर्मेन्द्र झा सरकार, राजनीतिक दल र कर्मचारीतन्त्र तीनै निकाय वा संस्थाले आयोगको सुझाव ग्रहण गरी कार्यान्वयन पक्षलाई यथाशीघ्र अगाडि बढाउनुपर्ने बताउनुहुन्छ। सूचनाको हकका लागि राष्ट्रिय महासङ्घका अध्यक्ष उमिद बागचन्द भने आयोग सुझाव मात्रै दिएर पन्छिन नपाउने स्पष्ट गर्दै सुझाव कार्यान्वयन गराउन सकेमा मात्रै आयोगको स्थापनाको उद्देश्य पुष्टि हुनेमा जोड दिनुहुन्छ। पत्रकार बबिता बस्नेत पनि सुझाव कार्यान्वयन कसरी गराउने भन्नेतर्फ आयोग आफैँ अग्रसर हुन जरुरी रहेको स्पष्ट गर्नुहुन्छ। आयोगलाई संवैधानिक नबनाइएकाले पनि सुझाव कार्यान्वयनको अवस्था फितलो भएको उहाँको ठम्याइ छ।

## विश्व समाचार

### युक्रेनद्धारा रुसका विरुद्ध एक लाख सेना परिचालन

मस्को, १६ फागुन (रासस/सिन्ह्वा)।

रुसले युक्रेनमा आक्रमण जारी राखेपछि त्यसका विरुद्धमा युक्रेनले पनि कम्तीमा पनि १ लाख सेना परिचालन गरेको जनाएको छ। रुसले आइतबार चौथो दिन पनि आक्रमण जारी राखेको बताइएको छ। त्यस्तै आइतबार राति पनि स्थल सेनाले युक्रेनको राजधानी किभमा आक्रमण गरेका थिए।

यहाँका सेना प्रमुख भेलरी जालुज्नीले सो कुराको जानकारी दिनुभएको छ। उहाँले फेसबुकमार्फत् भन्नुभएको छ- युक्रेनले १ लाख भन्दा बढी सैनिक परिचालन गरेको छ र तीमध्ये अधिकांश सीमा सुरक्षा क्षेत्रमा कार्यरत सेना रहेका छन्। अहिले पनि रुसको सेनाले युक्रेनको राजधानी किभ सहर घेरा हालेका बताइएको छ। रुसले आफूलाई पक्राउ गर्न खोजेको तर सफल नभएको युक्रेनका राष्ट्रपति भोलोदीमिर जेलेन्स्की बताउनुभएको छ।

रुसले आक्रमण गरेको सोमबार चौथो दिन रुसी सैनिकहरू युक्रेनको राजधानी किभ सहरमा छन्। राजधानी किभको उत्तरी भेगमा रुसी सेना पुगेको युक्रेनले जनाएको छ। यहाँका नागरिकहरुले सामाजिक सञ्जालमा राखेका भिडिओहरुमा रुसी सेनाका टयांकरहरु युक्रेनको राजधानी किभमा गुडिरहेको देखिएको छ।

यसअघि युक्रेनले पूर्ण रुपमा सेना परिचालन गरेको बताएको थियो। युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले यहाँ आम रूपमा सेना परिचालनको आदेश दिनुभएको छ। यहाँका १८ देखि ६० वर्षका पुरुषहरूले देश छाड्न नपाउने घोषणा गरिएको छ। उता रुसले आत्मसमर्पण गर्न युक्रेनी राष्ट्रपतिलाई भनेको छ।

### युरोपियन युनियनद्धारा रुसका उडानमाथि प्रतिबन्ध

ब्रसेल्स, १६ फागुन (रासस/सिन्ह्वा)।

युरोपियन युनियनले सबै युरोपियन देशका आकासमा रुसका उडानहरुमाथि प्रतिबन्ध लगाएको छ। युरोयिन कमिसनका अध्यक्ष उर्सुला भोन डेर लियोनले सो कुराको जानकारी दिनुभएको हो। उहाँले रुसका सबै प्रकारका उडानहरुलाई बन्द गराइएको आइतबार विज्ञप्तिमार्फत् जानकारी दिनुभएको छ।

उहाँले भन्नुभएको छ- हामीले रुसका सबै प्रकारका उडानहरु, रुसी एयरलाइन्सका जहाजहरु र रुसबाट उडेका सबै प्रकारका जहाजलाई युरोपियन देशका आकासमा बन्द गराएका छौँ। रुसी सैनिक अपरेसनका कारण धेरै विमानहरु एडेका र ती विमान युक्रेनमा हमला गर्नका लागि पुगेका भन्दै त्यसमा प्रतिबन्ध लगाइएको उहाँले बताउनुभएको हो।

रुसले युक्रेनमाथि आक्रमण गरेको सोमबार पाँचौं दिन पनि रुसी सैनिकहरू युक्रेनको राजधानी किभ सहरमा छन्। राजधानी किभका सबैतर्फबाट रुसी सेनाले घेरा हालेको युक्रेनले जनाएको छ। यहाँका नागरिकहरुले सामाजिक सञ्जालमा राखेका भिडिओहरूमा रुसी सेनाका टयांकरहरु युक्रेनको राजधानी किभमा गुडिरहेको देखिएको छ।

युक्रेनमाथि गरेको सो आक्रमणको विरोधस्वरुप युरोपियन युनियनले रुसका विरुद्धमा यो प्रतिबन्ध लगाएको जनाइएको छ।

### भारतमा दैनिक सङ्क्रमितको सङ्ख्या दश हजार भन्दा कम

नयाँ दिल्ली, १६ फागुन (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसबाट दैनिक सङ्क्रमितहरुको सङ्ख्या दश हजार भन्दा कम हुन थालेको छ। सरकारी अधिकारीहरुले सोमबार दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा आठ हजार १३ जना मात्रै नयाँ सङ्क्रमित थपिएका छन्।

यो सङ्ख्या लामो समयपछिको सवैभन्दा कम भएको र दैनिक सङ्क्रमितहरुको सङ्ख्या पनि धेरै कम हुदै गएको संघीय स्वास्थ्य मन्त्रालयलका अधिकारीहरुले जानकारी दिएका हुन। उनीहरुका अनुसार भारतमा अहिले एक लाख दुई हजार ६०१ जना कोरोनाभाइरसबाट सङ्क्रमित अवस्थामै रहेका छन्।

पछिल्लो एक दिनमा १६ हजार ७६५ जना कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। योसँगै अहिलेसम्म चार करोड २३ लाख सात हजार ६८६ जना कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएको अधिकारीहरुले जनाएका छन्। उनीहरुका अनुसार भारतमा कोरोनाका कारण अहिलेसम्म पाँच लाख १३ हजार ८४३ जनाको मृत्यु भएको छ। ती मध्ये ११९ जनाको पछिल्लो एक दिनमा मृत्यु भएको छ।

पछिल्लो २४ घण्टामा भारतमा झण्डै पाँच लाख मानिसलाई कोरोनाभाइरस विरुद्धको खोप लगाइएको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

अनुरोधकर्ता
राजगढ गाउँपालिका, सप्तरी

डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh



MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar



MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734

# जिल्ला स्तरीय बक्तृत्वकला प्रतियोगिता हुने



**दैनिक समाचारदाता राजबिराज, १६ फागुन ।**
सगरमाथा साहित्य परिषद्ले फागुन २५ गते सर्वाधिक राशीको जिल्ला स्तरिय वक्तृत्वकला प्रतियोगिता गर्न लागेको जनाएको छ ।

सगरमाथा साहित्य परिषद्को संयोजनमा तथा सप्तरीको कञ्चनरुप नगरपालिकाले सर्वाधिक राशीको जिल्ला स्तरीय बक्तृत्वकला प्रतियोगिता गर्न लागेको हो ।

प्रतियोगिताबारे जानकारी गराउँदै उद्देश्यले सोमबार आयोजित पत्रकार सम्मेलनमा उक्त प्रतियोगितामा सर्वोत्कृष्ट हुनेले ११ हजार रुपियाँ नगदसहित प्रथम पुरस्कार र प्रमाणपत्र पाउने जानकारी दिइएको छ ।

आयोजित पत्रकार सम्मेलनमा परिषदका अध्यक्ष मनोहरकुमारले द्वितीय हुनेलाई ८ हजार रुपियाँ र तृतीय हुनेलाई ५ हजार नगद रुपियाँसहित पुरस्कार र प्रमाणपत्र प्रदान गरिने जनाए ।

यस्तै शान्तवना पुरस्कार २ जनाले जनही २/२ हजार र ५ जनाले जनही १/१ हजारका दरले समतामूलक शान्तवना पुरस्कार र प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगितामा जिल्लाभरीका सबै शिक्षण संस्थाको सिफारिशमा कक्षा ९-१२ अध्ययनरत माध्यमिक बिद्यालय स्तरका १/१ छात्र र छात्रा सहभागी गराइने छ ।

पत्रकार सम्मेलनमा वितरित विज्ञप्तिमा “मेरो सोचाइ र रोजाइका बाआमा”, “मैले खोजेको र रोजेको शिक्षक” तथा “म र मेरो मनोविज्ञान मैत्री विद्यालय” शिर्षकमा व्यावहारिक वक्तृत्वकला हुने जनाइएको छ ।

पत्रकार सम्मेलनमा उपस्थित कञ्चनरुप नगरपालिकाका नगर प्रमुख बसन्त मिश्रले शिक्षा, स्वास्थ्य, विकास, सुशासनमा जिल्ला र प्रदेशमै आफ्नो नगरपालिका उत्कृष्ठबाट पुरस्कृत भएकोमा खुशी व्यक्त गरे । अन्य स्थानीय तहमा एउटै पार्टीबाट निर्वाचित जनप्रतिनिधी खासगरी प्रमुख र उपप्रमुखबीच कुटाकुटको स्थिती रहेकोमा आफ्नो नगरपालिकामा बहुमत अन्य पार्टीकै भएपनि आजसम्म सबै निर्णय र कामहरू सर्वसम्मतीमा भइरहेको दाबी गरे ।

परिषद्का सल्लाहकार बैद्यनाथ यादवले धन्यवाद ज्ञापन गरेको पत्रकार सम्मेलनमा नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवणकुमार देवसहित पत्रकारहरूको उपस्थिती रहेको थियो ।

## *स्थानीय तह निर्वाचनमा...*

दिन आह्वान गरिएको थियो । निर्वाचनका लागि आवश्यक पर्ने १५ प्रकारका सामग्री प्रदेश र निर्वाचन कार्यालय खरिद गरी व्यवस्थापन गर्नसमेत आयोगले निर्देशन दिइएको छ ।

स्थानीय तह निर्वाचनका लागि आयोगले अर्थ मन्त्रालयसँग रु आठ अर्ब ९५ करोड २९ लाख चार हजार बजेट माग गरेको छ । रकम निकासाका सम्बन्धमा आयोग र मन्त्रालयबीच छलफल भइरहेता पनि हालसम्म निकासा भइ नसकेको जानकारी दिइयो ।

# जेष्ठ नागरिक तदर्थ समिति गठन

**दैनिक समाचारदाता राजबिराज, १६ फागुन ।**
राजबिराज नगरपालिका वडा नं. २ मा जेष्ठ नागरिक तदर्थ समिति गठन गरिएको छ ।

जेष्ठ नागरिक सत्य नारायण देवको अध्यक्षतामा ११ सदस्यीय तदर्थ समिति गठन गरिएको हो ।

गठित समितिको उपाध्यक्षमा रामदेव यादब, सचिवमा रामदेव यादब (वन) र भरतलाल देव तथा कोषाध्यक्षमा देवराम यादबलाई चयन गरिएको छ ।

त्यस्तै तदर्थ समितिको सदस्यमा प्रबोध नारायण सिँह, रामशंकर गोईत, जय नारायण देव, उग्र प्रसाद देव, बिन्दु प्रसाद देव, श्रीप्रसाद देव रहेको तदर्थ समितिका अध्यक्ष सत्य नारायण देवले जानकारी दिएका छन् ।

उक्त तर्दथ समितिले केही दिन मै वडाको सम्पुर्ण जेष्ठ नागरिकहरूको बृहत् भेला गरी वडा समितिलाई पुर्णता दिने बताईएको छ ।

राजबिराज वडा नं. २ स्थित राप्रावि राजदेबी प्राङ्गणमा पूर्व प्रमुख निर्वाचन आयुक्त डा. अयोधी प्रसाद यादबको अध्यक्षतामा बसेको बैठकले सो तदर्थ समिति गठन गरिएको जनाइएको छ ।

# दुई सय ४४ नेपाली सुरक्षित गन्तव्यमा

काठमाडौँ, १६ फागुन (रासस) ।
रुस-युक्रेन द्वन्द्वका कारण प्रभावित २४४ नेपाली सुरक्षित रुपमा आफ्नो गन्तव्यमा पुगेका छन् । गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) द्वारा गठित ‘रुस-युक्रेन द्वन्द्वप्रभावित नेपालीको सहयोग एवं उद्धार उच्चस्तरीय समिति’ले नेपाली सुरक्षित रुपमा गन्तव्यमा पुगेको जनाएको छ ।

सोमबार एक प्रेस विज्ञप्ति जारी गर्दै समितिले युक्रेन छाडेर पोल्याण्डामा ६०, स्लोभाकिया र रोमानियामा १२/१२, हङ्गेरीमा चार र माल्डावामा दुईजना सकुशल पुगेका जनाएको छ । सुरक्षित गन्तव्यमा जाने क्रममा पोल्याण्डको सीमामा १३०, स्लोभाकियाको सीमामा १२, रोमानियाको सीमामा १० र माल्डावाको सीमामा दुई नेपालीहरु दोस्रोमूलुक जान रोकिएका छन् ।

उनीहरुले सोमबार साँझसम्म सीमा क्रस गर्न सक्ने अनुमान गरिएको छ । गैरआवासीय नेपाली सङ्घ युक्रेनका अनुसार युक्रेनभित्र ४० परिवार स्थायी रुपमा बसोबास गर्दै आएका छन् । उच्चस्तरीय समितिका अध्यक्ष जर्मनीका लागि नेपाली राजदूत रामकाजी खड्काको अध्यक्षतामा आइतबार बसेको बैठकले युद्धका कारणले विस्थापित नेपालीलाई सुरक्षित स्थानान्तणका लागि आवश्यक पहल गर्ने निर्णय गरेको थियो ।

बैठकमा राजदूत खड्काले युक्रेनबाट विस्थापित ३४ नेपालीलाई दूतावासले यात्रा अनुमतिपत्र जारी गरेको जानकारी गराउनुभएको थियो । उच्चस्तरीय समितिका संयोजक तथा एनआरएनएका उपाध्यक्ष डा बद्री केसीले सङ्घका अध्यक्ष कुमार पन्त नेपालीको उद्धारका लागि पोल्याण्डको सीमा क्षेत्रमा आफैँ परिचालित भएको जानकारी दिनुभयो ।

# थप ८० जनामा संक्रमण पुष्टि

काठमाडौँ, १६ फागुन (रासस) ।
देशभर पछिल्लो २४ घण्टामा थप १८० जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ भने थप एक जनाले ज्यान गुमाएका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार पछिल्लो समय आठ हजार ३४१ को परीक्षण गर्दा सो संख्यामा संक्रमण पुष्टि भएको हो । योसँगै नेपालमा पिसीआर विधीबाट गरिएको परीक्षणमा कोरोना भाइरस संक्रमितको संख्या नौ लाख ७६ हजार ९८४ पुगेको छ ।

एन्टिजेन परीक्षण गर्नेको संख्या एक लाख ३९ हजार हजार ३८७ रहेको छ । पछिल्लो समय थप ४०० जना संक्रमणमुक्त भएका छन् । योसँगै संक्रमणमुक्त हुनेको संख्या नौ लाख ५६ हजार ४१३ पुगेको छ । संख्मणमुक्त हुने दर ९७ दशमलव ९ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । हालसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ९३६ पुगेको छ भने सोमबार थप एक जनाले ज्यान गुमाएको मन्त्रालयले जनाएको छ ।

त्यसैगरी पछिल्लो समय एक लाख ४१ हजार १२१ ले खोप लगाएको पनि मन्त्रालयले जनाएको छ । हाल सक्रिय संक्रमितको संख्या ८ हजार २३५ रहेको छ । अहिले होम आइसोलेशनमा आठ हजार २१ रहेका छन् । त्यसैगरी संस्थागत आइसोलेशनमा २१४ आइसीयुमा ८० र भेन्टिलेटरमा ६ जनाले उपचार गराईरहेका छन् ।





अनुरोधकर्ता : बलान बिहुल गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

➢ खेतबारी तथा उर्वर भूमि बाँझो नराखौं ।
➢ भूमिको अधिकतम उपयोग गरौं ।
➢ कृषिलाई आत्मनिर्भर मात्र होईन व्यवसायिक बनाऔं ।
➢ भूमिको बहुउपयोग गरी उत्पादन बढाऔं र स्वदेशी अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*